हाम्रो विकास बैंक लि.

# HAMRO BIKAS BANK LTD.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त संस्था)

विदुर-३, बट्टार, नुवाकोट, फोन नं.: ०१०-५६१७७७, फ्याक्स नं.: ०१०-५६१७७९
इमेलः info@hamrobank.com, वेबसाईटः www.hamrobank.com

को

# शिलबन्दी बोलपत्रद्वारा शेयर बिक्री गर्ने बारे सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७४/४/३१**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७४/५/६**

हाम्रो विकास बैंक लिमिटेडको हकप्रद शेयरहरु २०७४/२/७ गतेका दिन देखि २०७४/३/११ गतेसम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा संस्थापक शेयरको लागि पूर्ण रुपमा आवेदन नपरेकोले नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशिका, २०७३ को निर्देशन तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा १५ समेतको प्रावधानलाई आधार मानी उक्त शेयरहरु गोप्य शिलबन्दी बोलकबोल बढाबढ गरी बिक्री गर्दा सो मध्ये १,७१,३४१.७६ कित्ता शेयरको लागि साविकका संस्थापक शेयरधनीहरुबाट दरखास्त प्राप्त हुन नआएको हुंदा निष्काशनकर्ता बैंकको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न योग्य इच्छुक जो कोही प्राकृतिक व्यक्तिले **मिति २०७४ साल भाद्र ६ गतेभित्र** निष्काशनकर्ता बैंक हाम्रो विकास बैंक लि.को केन्द्रिय कार्यालय, बिदुर-३, बट्टार, नुवाकोट वा बिक्री प्रबन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाडौंमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो, तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ।

**तपसिल**

**बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरणः**

**(क) संस्थापक शेयर : १,७१,३४१.७६ कित्ता**

**शर्तहरुः**

१. बोलपत्र आवेदन फाराम हाम्रो विकास बैंक लि., बिदुर-३, बट्टार, नुवाकोट वा एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाडौंबाट रु.१००/- भुक्तानी गरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसँग लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ।
३. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१००/- तोकिएको हुँदा सो वा सोभन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ।
४. शेयर खरीदको लागि बोलकबोल गर्दा न्यूनतम १०० कित्ताको लागि तथा अधिकत्तम २५,००० (पच्चीस हजार) कित्ता शेयरको लागि आवेदन दिन सकिनेछ। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्तिले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ। शेयर कित्ता दशमलवमा उल्लेख गरि आवेदन गर्न पाइने छैन।
५. शिलबन्दी खाम बाहिर "**हाम्रो विकास बैंक लिमिटेडको संस्थापक शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ। शिल बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ।
६. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौमा रहेको खाता नं. ०१२४५२४६१५९९७०१८ मा नगद जम्मा गरी सो को सक्कल भौचर संलग्न गरी वा "NIBL Capital Markets Limited" को नाममा जारी गरिएको Good For Payment Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ। यदि चेक भुक्तानी नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ।
७. सबैभन्दा बढी मूल्य बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ। शेयर बाँडफाँड गर्दा सबैभन्दा बढी बोलकवोल गर्ने क्रमहरु मध्येको कम बोलकवोल गरी बाँडफाँडमा पर्ने आवेदकलाई खण्डित रुपमा बाँकी रहेको शेयर समेत बाँडफाँड गरी समायोजन गरिनेछ। शेयर बिक्री गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहने छ।
८. बोलपत्रवालाले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं.(Demat Account No.) आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ।
९. कुनै पनि बोलपत्रवालाले एक भन्दा बढी बोलपत्र पेश गर्न पाउने छैन। बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन।
१०. शिलबन्दी बोलपत्र मिति २०७४/५/६ गते अपरान्ह ३:३० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, बिदुर-३, बट्टार, नुवाकोट वा एनआईबिएल क्यापिटल मार्केट्स लि. लाजिम्पाट, काठमाडौंमा दर्ता भई सक्नु पर्नेछ।
११. बोलपत्र मिति २०७४/५/७ गते अपरान्ह ३:०० बजे एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाडौंमा बोलपत्रवाला वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ। बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिन अपरान्ह ३:०० बजे खोलिनेछ।
१२. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन।
१३. नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको संस्थापकहरुको लागि तोकेको योग्यता (Fit & Proper Test) पुरा नभएमा शेयर बाँडफाँड गर्न कानूनतः नमिल्ने हुँदा बोलपत्रवाला नेपाल राष्ट्र बैंकले संस्थापक हुन तोकेको योग्यता पुरा गरेको हुनु पर्नेछ। सोका लागि बोलपत्र फारामसाथ देहायका कागजात संलग्न गर्नुपर्नेछ।
(क) आवेदक स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, आ.ब.२०७२/०७३ वा आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्र, कालो सूचिमा नरहेको प्रमाणित गर्ने कागजात, आम्दानीको स्रोत खुल्ने कागजात।
१४. आवेदक प्रचलित कानुन बमोजिम कम्पनीको संस्थापक समूहको शेयर खरिद गर्न योग्य हुनु पर्नेछ।
१५. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा बाँडफाँडमा नपरेका आवेदकहरुको रकम धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा ब्यबस्था भए बमोजिम फिर्ता भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने ब्यहोरा समेत जानकारी गराईन्छ।
१६. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौको सूचनापाटी तथा वेवसाइटः www.niblcapital.com मा हेर्न सकिनेछ।
१७. प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ।

**बिक्री प्रबन्धकः**

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

मिति २०७४/४/२३ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने।
मिति २०७४/४/२३ गतेको अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशित गर्ने।